कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (COVID-19 Crisis Management Center) CCMC मुस्ताङद्वारा प्रकाशित


## कोभिड-१९ सम्बन्धी मुस्ताङ जिल्लास्तरीय प्रतिकार्य

# बुलेटिन

मिति २०७७ भाद्र ०१ गते सोमबार

वर्ष १ अंक ७




### स्वयम् एकान्तबास बस्ने Self - Quarantine मा बस्दा पालना गर्नु पर्ने नियमहरू

१. म पर्याप्त भेन्टिलेसन भएको कोठामा एक्लै बस्नेछु, र यो सम्भव नभएमा छुट्टै ओछ्यानमा सुतिरहेको अर्को व्यक्तिसंग कम्तिमा १ मिटर दूरी राख्नेछु ।

२. म छुट्टै बाथरूम र शौचालयको प्रयोग गर्नेछु र यदि यो सम्भव नभएमा प्रयोग गरेपछि बाथरूम र शौचालय आफैं सफा गर्नेछु ।

३. म आफु बस्ने कोठा आफैं सफा गर्नेछु ।

४. म घरभित्र साझा रूपमा प्रयोग हुने ठाउँहरू जस्तै भान्सा, शौचालयमा मेरो आवात जावतलाई सीमित गर्नेछु । यी साझा ठाउँहरूमा पर्याप्त भेन्टिलेसन भएको (वा झ्याल खुला रहने) सुनिश्चित गर्नेछु ।

५. म स्वास्थ्य संस्था जान बाहेक अन्य कामको लागि घर बाहिर जाँदिन । म काममा, विद्यालयमा वा सार्वजनिक क्षेत्रहरूमा जाँदिन र सार्वजनिक यातायातको प्रयोग गर्दिन ।

६. म नियमित रूपमा आफ्नो हात साबुन र पानीले मिची मिची २० सेकेन्डसम्म धुनेछु, वा हात सफा राख्न अल्कोहल युक्त हेन्ड सेनिटाइजर प्रयोग गर्नेछु । म हात नधोइ मेरा आँखा, नाक र मुख छुनबाट जोगिनेछु ।

७. मैले प्रयोग गर्ने गिलास, कप, खाना खान प्रयोग हुने भाँडा, तौली र रुमाल, ओछ्यान, वा अन्य सामानहरू घरका अन्य व्यक्तिहरूसँग साझा प्रयोग गर्दिन । प्रयोग गरेपछि यी सामानहरू म साबुन र पानीले सफा संग धुनेछु ।

८. म अन्य व्यक्तिहरूसँग प्रत्यक्ष सम्पर्क गर्ने छैन ।

९. यदि अन्य व्यक्तिहरूसँगको सम्पर्कमा आउनु पर्दा, म कम्तिमा १ मिटर (३ फिट) को दूरी राख्नेछु र म अर्को व्यक्तिसंग एउटै कोठामा हुँदा र स्वास्थ्य संस्था जाँदा मास्क लगाउनेछु ।

१०. खोक्दा वा हाच्छिउँ गर्दा म मेरो मुख र नाकलाई टिस्यु, रुमाल वा कुहिनाले छोप्नेछु ।

११. म आफ्नो कोठाबाट प्रयोग गरिएको टिस्यु, रूमाल, मास्क र अन्य चीजहरू छुट्टै फोहोर फाल्ने ठांउमा फाल्नेछु र फाले पछि तुरुन्तै कम्तिमा २० सेकेन्ड सम्मका लागी अफ्ना हातहरू साबुन र पानीले मिची मिची धुनेछु । रूमाल वा पुन प्रयोग गर्ने कपडा साबुन र पानीले सफासंग धुनेछु र यसलाई घाममा राम्ररी सुकाएपछि मात्र प्रयोग गर्नेछु ।

१२. म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त निर्देशनहरूको पालना गर्नेछु र आवश्यक सहयोगको लागि सधैं तयार रहनेछु ।

१३. म क्वारेन्टाइनमा रहँदा आफ्नो शरीरको तापक्रम दैनिक एक पटक जाच्नेछु र दिईएको फाराममा रेकर्ड गर्नेछु । मलाई दिईएको निर्देशन अनुसार १४ दिन सम्म मेरो दैनिक स्वास्थ्य स्थिति बारे तोकिएको स्वास्थ्य निकायमा जानकारी दिनेछु ।

१४. कुनै पनि स्वास्थ्य समस्या देखिएको खण्डमा वा क्वारेन्टाइनमा बस्दा अन्य केही समस्याहरू भएमा तोकिएको स्वास्थ्य निकायबाट प्राप्त निर्देशनहरू अनुरूप गर्नेछु ।

१५. म स्वास्थ्य तथा जनसंख्या मन्त्रालय संगको पूर्व अनुमति बिना क्वारेन्टाइन स्थान भन्दा बाहिर यात्रा गर्ने छैन ।

**आवश्यक भएमा यहाँ सम्पर्क गर्न सक्नुहुनेछ ।**

| Health Emergency Operation Centre | Epidemiology and Disease Control Division | COVID-19 Hotline |
|---|---|---|
| Phone: 01-4250845,<br>Fax: 01-4250842,<br>E-mail: heocmohp@gmail.com,<br>Web: heoc.mohp.gov.np<br>fb: fb.com/HEOC | Phone: 01-4255796,<br>E-mail: ewarsedcd@gmail.com,<br>Web: edcd.gov.np, fb: fb.com/edcdnepal | Get your queries answered from<br>**From 8:00 AM – 8:00 PM**<br>**Call Center 1115**<br>**Call: 9851255839, 9851255837, 9851255834** |



# कोभिड – १९ संग सम्बन्धित जिल्लास्तरीय बहु निकाय बैठक

## मिति २०७७/०४/१९ गतेको निर्णयहरु

१. हाल सार्वजनिक क्षेत्रमा मानिसहरुको भिडभाड बढ्दै गईरहेको देखिएकोले यसबाट Covid-19 महामारी बढ्न सक्ने सम्भावनालाई ध्यानमा राख्दै नेपाल सरकारले गरेको सबै निर्णयहरुको कडाईका साथ कार्यन्वयन गर्ने।

२. Covid-19 महामारी रोकथाम नियन्त्रणको सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी स्वास्थ्य सम्बन्धी मापदण्ड, गृह मन्त्रालयबाट जारी सुरक्षा सम्बन्धि मापदण्ड लगायतका सबै मापदण्डहरु कडाईका साथ पालना गर्ने / गराउने र अनुगमन समेत गर्ने।

३. जिल्ला बाहिरबाट कामदार ल्याउने सिफारिस गर्दा अत्यावश्यक र स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्ने सुनिश्चितता गरी सिफारिस गर्ने व्यवस्था मिलाउने र त्यस्ता कामदार आईसकेपछि अनिवार्य रुपमा क्वारेन्टाईनमा राख्ने व्यवस्था मिलाउने।



**स्वाव संकलन गर्दै जिल्ला अस्पताल जोमसोमका स्वास्थ्यकर्मी ।**

## मिति २०७७/०४/२२ गतेको निर्णयहरु

१. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. ३१५ मिति २०७७/०४/२१ गते प्राप्त पत्र बमोजिम नेपाल सरकार (मन्त्रीपरिषद्) को निर्णय कार्यान्वयन गर्न तपशिल बमोजिम गर्ने निर्णय गरियो।

   क. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्धारा जनस्वास्थ्य मापदण्ड तथा गृह मन्त्रालयद्धारा जारी सुरक्षा मापदण्ड कडाईका साथ पालना गर्ने गराउने । मास्क नलगाउने वा जनस्वास्थ्य मापदण्ड उल्लंघन गर्ने व्यक्तिलाई दण्ड जरिवाना गर्ने । जनस्वास्थ्य मापदण्ड तथा सुरक्षा मापदण्ड उल्लघंन गर्ने व्यक्ति, समुह तथा संस्था भए सो को सञ्चालक समेतलाई कार्वाही गर्ने।

   ख. होटल, रेष्टुरेण्टमा हुने सामुहिक भोज, पार्टी, सेमिनार वा अन्य सामुहिक भेला जस्ता कार्य निषेध गर्ने।



**आईसोलेसन कक्षको सुरक्षामा खटिँदै सुरक्षाकर्मीहरु ।**

२. स.प्र.बल, नेपाल गण्डकी प्रदेश बाहिनी मुख्यालय पोखराबाट माग भई आए बमोजिमको तपशिल बमोजिमका स्वास्थ्य सामाग्री उक्त मुख्यालयमा पठाउने गरी स.प्र.बल नेपाल नं. ३३ गुल्म हे.क्वा. मुस्ताङ्गलाई प्रदान गर्ने।

क. पि.पि.ई. - १० थान

ख. थर्मोगन - ४ थान

ग. Sprayer - २ थान र Disinfection tablet – २ बट्टा

# नेपाल-चीन दौत्य सम्बन्ध स्थापना भएको ६५ वर्ष पुरा भएको अवसरमा स्वास्थ्य सामाग्रीहरु प्राप्त




नेपाल-चीन दौत्य सम्बन्ध स्थापना भएको ६५ वर्ष पुरा भएको अवसरमा काउन्टर पार्टस (चीन) बाट मुस्ताङ् जिल्लामा कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य सामाग्रीहरु समेत प्राप्त भएको छ। मिति २०७७/०४/१७ (1st September, 2020) गते नेपाल-चीन सीमानाको कोरला नाकामा लोमान्थाङ गाउँपालिकाका अध्यक्ष सुवर्ण कुमार विष्ट, लो-घेकर दामोदर कुण्ड गाउँपालिकाका अध्यक्ष लेप्साङ छोम्फेल विष्ट, यस जिल्लाका प्रमुख जिल्ला अधिकारी वेद प्रसाद अर्याल, जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरिक्षक नविन कृष्ण भण्डारी, सशस्त्र प्रहरी बल नेपाल नं. ३३ गुल्म हे.क्वा. मुस्ताङका गुल्मपति आनन्द थापा मगर, राष्ट्रिय अनुसन्धान कार्यालय मुस्ताङका प्रमुख अनुसन्धान अधिकृत टिकाराम घले, सहायक प्रमुख जिल्ला अधिकारी जगदिश अर्याल, बोर्डर आउट पोष्ट नेचुङका प्रमुख सशस्त्र प्रहरी निरीक्षक डम्बर बहादुर श्रेष्ठ र जिल्ला स्वास्थ्य कार्यालयका निमित्त प्रमुख प्रकाश पौडेल लगायतको उपस्थितिमा चीनियाँ प्रतिनिधीहरुद्धारा उक्त स्वास्थ्य सामाग्रीहरु जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र मुस्ताङलाई हस्तान्तरण गरिएको थियो।

पि.पि.ई, सर्जिकल मास्क, एन 95 मास्क, स्प्रेयर, Disinfectant, पन्जा, थर्मल गन लगायतका उक्त सामाग्रीहरु आवश्यकता अनुसार व्यवस्थित रुपमा वितरण गर्नका लागि जिल्ला स्वास्थ्य कार्यालयलाई जिम्मेवारी दिई एकद्वार प्रणालीबाट वितरण गरिएको छ। प्राप्त सामाग्रीहरु विशेष गरी स्वास्थ्य कर्मी र सुरक्षाकर्मीहरुको प्रयोगका लागि वितरण गरिएको छ भने आवश्यकता अनुसार कोभिड-१९ रोकथाम तथा नियन्त्रणमा संलग्न अन्य निकायहरुलाई समेत वितरण गरिएको छ।

## जिल्लामा रहेका कोभिड-१९ सम्बन्धी हेल्थडेस्कहरु

- घाँसा
- जोमसोम स्थित समाजघर
- मुक्तिनाथ क्षेत्र
- लोमान्थाङ्ग

मिति २०७७/०४/३२ गतेसम्म मुस्ताङ जिल्लामा चारवटा हेल्थ डेस्क र जिल्ला अस्पतालमा स्थापना गरिएको फिभर क्लिनिकबाट १३८८२ जनाको स्वास्थ्य परिक्षण गरिएको छ ।



कोभिड-१९ सम्बन्धी स्वास्थ्य परिक्षण गर्दै स्वास्थ्यकर्मीहरु ।

## जिल्लामा रहेका एम्बुलेन्सहरुको विवरण

| सि.नं. | विवरण | सुरक्षा निकाय |
|---|---|---|
| ओमकार वि.क. | ९८४२२६५४०४ | जिल्ला अस्पताल |
| वीर बहादुर घले | ९८६९२०४८७६ | जिल्ला रेडक्रस |

## जिल्लास्थित अस्पताल तथा स्वास्थ्य कार्यालयहरुमा कार्यरत चिकित्सकहरुको विवरण


| पद नामथर | कार्यालय | फोन नं. |
|---|---|---|
| मे.अ.डा. शिव भण्डारी | जिल्ला अस्पताल | ९८५७६४९५५५ |
| डा. केबिन पौडेल | जिल्ला अस्पताल | ९८४६७२३०८१ |
| डा. साजन बराल | जिल्ला अस्पताल | ९८६७३०९४१६ |
| डा. सबिता बराल | जिल्ला अस्पताल | ९८४५१७८६६९ |
| डा. लक्ष्मण थापा | थासाङ्ग गा.पा. लेते | ९८४००११८०३ |
| डा. अनिल तिमिल्सेना | जिल्ला अस्पताल | ९८६७००३३३५ |



| क्वारेन्टाईनमा राखिएको संख्या | क्वारेन्टाईनबाट छाडिएको संख्या | हाल क्वारेन्टाईनमा रहेको संख्या | आईसोलेसनमा राखिएको संख्या | आईसोलेसनबाट छाडिएको संख्या | हाल आईसोलेसनमा रहेको संख्या | RDT संख्या | स्वाव टेष्ट संख्या |
|---|---|---|---|---|---|---|---|
| २९ | २९ | - | २१ | २१ | - | १४३३ | ७१ |

- हालसम्म गरिएका RDT को नतिजा मध्ये १३९७ जनाको Non-Reactive र ३६ जनाको Reactive तथा स्वाव टेस्टको नतिजा मध्ये ७० जनाको Negative र १ (एक) जनाको Positive आएको (पुन:परिक्षण गर्दा नेगेटिभ आएको) ।

## मुस्ताङ जिल्लामा बैशाख महिनादेखी श्रावण महिनासम्म गरिएको स्वाव संकलनको तुलनात्मक चार्ट






घाँसास्थित RDT क्लिनिकलाई व्यवस्थित गर्दै सुरक्षाकर्मी

| महिना | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| बैशाख | १ | १ | २ |
| जेष्ठ | ११ | ४ | १५ |
| असाढ | ३८ | १६ | ५४ |
| श्रावण | - | - | - |
| **जम्मा** | **५०** | **२१** | **७१** |

## मुस्ताङ जिल्लामा बैशाख महिनादेखी श्रावण महिनासम्म गरिएको RDT परिक्षणको विवरण

| विवरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| जम्मा RDT संख्या | १०७६ | २०२ | १२७८ |
| Non-Reactive | १०४७ | १९५ | १२४२ |
| Reactive | २९ | ७ | ३६ |

**नोट :** उल्लेखित RDT परिक्षणहरु सम्पन्न गर्दा जम्मा १५५ (एक सय पचपन्न) जनाको पुन: परिक्षण गर्नु परेको हुँदा हालसम्म जम्मा १२७८ जना व्यक्तिहरुको RDT परिक्षण गर्दा १४३३ (एक हजार चार सय तेत्तिस) वटा RDT किट प्रयोग भएको ।



सार्वजनिक स्थलहरुमा Disinfection को कार्य गर्दै सुरक्षाकर्मीहरु ।



कोभिड १९ सम्बन्धि माईकिङद्धारा जनचेतना फैलाउँदै सुरक्षाकर्मीहरु

# कोभिड-१९ नियन्त्रण तथा रोकथामका लागि गरिएको कार्यहरुको निरन्तरता

मुस्ताङ जिल्लामा हाल कोरोना संक्रमितको संख्या शून्य भएता पनि कोरोना नियन्त्रण तथा रोकथाम हेतु मुस्ताङ जिल्ला प्रवेश गर्ने एक मात्र नाका थासाङ गाउँपालिका वडा नं. ४, घाँसामा RDT क्लिनिक स्थापना गरी जिल्ला प्रवेश गर्ने व्यक्तिहरुको स्वास्थ्य चेकजाँच गरिदैं आएको छ । स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीहरुको टोलीद्धारा स्वास्थ्य परिक्षण तथा सवारी साधन Disinfection का कार्यहरुलाई निरन्तरता दिईएको छ ।

स्वास्थ्य चेकजाँच गर्दा लक्षण देखिएमा सम्बन्धित गाउँपालिकाहरुद्धारा तोकिएको क्वारेन्टाईनमा राख्ने व्यवस्था गरिएको छ भने RDT परिक्षण गर्दा Reactive देखिएमा थासाङ गाउँपालिका, वडा नं. ३ लेतेस्थित प्राथमिक स्वास्थ्य केन्द्रको आईसोलेसन कक्षमा राखी स्वाव संकलन गर्ने गरिने गरिएको छ । स्वावको परिक्षण नेगेटिभ आएमा सम्बन्धित व्यक्तिलाई होम क्वारेन्टाईनमा केही समय राखी कुनै किसिमको लक्षण नदेखिएमा मात्र समुदायको सम्पर्कमा आउन दिने गरिएको छ ।



**लोमन्थाङ गाउँपालिकामा कोभिड-१९ सम्बन्धि अनुगमन गर्ने क्रममा जिल्लास्तरिय कोभिड-१९ संकट व्यवस्थापन केन्द्रका पदाधिकारीहरु**



**घाँसा नाकाबाट मुस्ताङ जिल्ला प्रवेश गर्ने सवारी साधनहरुलाई Disinfection गर्दै सुरक्षाकर्मीहरु**

## प्रकाशक


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, मुस्ताङ

कोभिड - १९ संकट व्यवस्थापन केन्द्र मुस्ताङ
COVID-19 Crisis Management Centre (CCMC) Mustang
Email : daomustang@gmail.com
daomustang@moha.gov.np


**अंक १ देखि अंक ६ सम्म पाक्षिक रुपमा प्रकाशन हुँदै आएकोमा प्रस्तुत अंक ७ बाट जिल्लास्तरिय CCMC को निर्णयानुसार मासिक रुपमा प्रकाशन गरिएको ।**